लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं

# प्रेस विज्ञप्ती- १२६, १२८, १२९
# Press Release – 126, 128, 129

मितिः-२०७१/०९।११ गते

# मकवानपुर जिल्लाको अवैध गाँजा खेती नष्ट

## १९८ विगाहा जग्गाको अवैध लागू औषध गाँजा-खेती फडानी तथा नष्ट (PR-१२९)

(१) मिति २०७१।०८।२७ देखी ०७१।०९।०९ गते सम्म यस ब्यूरोका प्रहरी नायव उपरीक्षक दिलिप कुमार खड्काको कमाण्डमा खटिएको ११ जना र जिल्ला प्रहरी कार्यालय मकवानपुरको ५० जनाको थप मद्धत सहितको जम्मा ६१ जनाको संयुक्त प्रहरी टोलीले **मकवानपुर जिल्लाको नामटार गा.वि.स.वडा नं.२,४,५,६,७,८ र ९** स्थित भवाङ्ग, बलामिटार, मजुवा, किरभज्याङ्ग, बागुने, पुरानोगाँउ, आमबोटे, घैराङ्ग, खैरेनी, भालटार, बलामिटार, मर्याङ्गकोट, पोखरी, जौखोरिया, छापडाँडा, सिरुवाडाँडा, कोसिराङ्ग, टिमुरे, कुवापानी, सल्लेडाँडा, ढुडेनी, घडेरी, ज्यारपु, खादे, भादौरे, सातकन्या, डर, लागु र विर्ता लगायत विभिन्न स्थानहरुमा लगाईएको अन्दाजी **१९८ विगाहा जग्गाको अवैध लागू औषध गाँजा-खेती** फडानी तथा नष्ट गर्ने कार्य सम्पन्न गरिएको ।
मिति २०७१।०९।११ गते

## १४३ विगाहा १० कठ्ठा अवैध गाँजा खेती नष्ट (PR-१२८)

(२) मिति २०७१ मंसिर २७ देखी ०७१ पौष ६ गते सम्म यस ब्यूरोका प्रहरी नायव उपरीक्षक दिलिप कुमार खड्काको कमाण्डमा खटिएको ११ जना र जिल्ला प्रहरी कार्यालय मकवानपुरको ५० जना गरी जम्मा ६१ जनाको संयुक्त प्रहरी टोलीले मकवानपुर जिल्लाको नामटार गा.वि.स.को वडा नं.५,६,७ र ८ को विभिन्न स्थानहरुको अन्दाजी **१४३ विगाहा १० कठ्ठामा लगाईएको अवैध लागू औषध गाँजा खेती** फडानी तथा नष्ट गरिएको हाल फडानी कार्य जारीनै रहेको ।
मिति २०७१।०९।०७ गते

## १८ विगाहा ७ कठ्ठा अवैध गाँजा खेती नष्ट (PR-१२६)

(३) मिति २०७१ मंसिर १४ देखी १९ गते सम्म यस ब्यूरोका प्रहरी उपरीक्षक राम प्रसाद श्रेष्ठको कमाण्डमा खटिएको १३ जना र ई.प्र.का.पालुङ्गको १९ जना गरी जम्मा ३२ जनाको संयुक्त प्रहरी टोलीले मकवानपुर जिल्लाको नामटार गा.वि.स.वडा नं.९ र गोगने गा.वि.स.को वडा नं. ३, ४ र ८ को विभिन्न स्थानहरुको अन्दाजी **१८ विगाहा ७ कठ्ठामा लगाईएको अवैध लागू औषध गाँजा खेती** फडानी तथा नष्ट गरिएको ।
मिति २०७१।८।२२ गते ।

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com

## मकवानपुर जिल्लामा अवैध लागू औषध गाँजा खेती फडानी तथा नष्ट गरिएका केही दृष्यहरु











